## स्याङ्जा जिल्ला अदालत तहसील शाखाबाट जारी भएको मोटरसाइकल लिलाम बिक्री सम्बन्धि सूचना

सूचना प्रकाशित मिति:-२०७३।०९।११

यस अदालतमा विभिन्न मितिमा जिन्सीमा आम्दानी बाँधिएका सामानहरु मध्ये तपसीलमा उल्लेखित मोटरसाईकल थान-३ (तीन) जिल्ला अदालत नियमावली २०५२ को नियम ९०.क. र ९०.ख. बमोजिम पहिलो पटक १५ दिने लिलाम बिक्री सम्बन्धि सूचना प्रकाशित गरिएकोमा सो अवधिमा कोही कसैको पनि लिलाम सकारको दाबी नपरेको हुँदा पुनः जिल्ला अदालत नियमावली २०५२ को नियम ९० .ख. को उपनियम (४) अनुसार तपसील बमोजिमका शर्तहरुको अधिनमा रही यो ७ ( सात) दिने लिलाम बढाबढको सूचना प्रकाशित गरिएको छ।

तपसील

| सि. नं | जिन्सी खाता नं | मुद्दा | फैसला मिति | ईन्जिन/ चेसिस नं | मोटरसाइकलको विवरण | उत्पादन बर्ष/सि.सी | न्यूनतम मुल्याङ्कन (रु.मा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | ३७४ | लागू औषध | २०६९।६।९ | ई.नं-DJGBTH87891 चे.नं.- M02DH0JZZTCH-45561 | मो.सा. ग ६ प २२९६ | सन् २०१० pulsar 180 c.c. | ३५,०००।- | सरकारी कर बाहेकको मूल्य |
| २. | ३८१ | लागू औषध | २०६९।७।१५ | ई.नं-DJGBNK91191 चे.नं.- MD2DHDJZZNCK -66833 | मो.सा. ग ३ प ८३४९ | सन् २००७ pulsar 180 c.c. | २५,०००।- | सरकारी कर बाहेकको मूल्य |
| ३ | ४३० | लागू औषध | २०७१।१०।२० | ई.नं VJ150E1000505 चे.नं.KMY13Y0AD SQC000463 | मो.सा. ग ५ प ४९९८ | सन् २००८ DAELIUM VJ 150 c.c. | ३०,०००।- | सरकारी कर बाहेकको मूल्य |

शर्तहरु

१. न्युनतम मुल्य भन्दा कम मूल्यमा लिलाम बोल्न पाइने छैन।

२. लिलाम हुने मोटरसाइकलहरु प्रचलित नेपाल कानुन बमोजिम नेपाल सरकारको नीति विपरीत नहुने गरी प्रयोग गर्न पाइने छ।

३. सबै मोटरसाइकलहरुको एकमुष्ठ वा पृथक पृथक रुपमा लिलाम बोल्न सकिने छ र एक मुष्ठ लिलाम बोल्नेलाई प्राथमिकता दिईने छ।

४. लिलाम मिति <u>२०७३।०९।१७ गतेको दिन ३.००</u> वजे यस अदालतमा हुनेछ। उक्त दिन विदा परे सोको भोलिपल्ट हुनेछ।

५. लिलाम बोलेको अंकको १० प्रतिशत तत्काल र बाँकी ९० प्रतिशत ७ दिन भित्र यस अदालतमा दाखिला गर्नुपर्ने छ। समयमा ९० प्रतिशत दाखिला नगरे १० प्रतिशत धरौटी जफत हुनेछ।

६. लिलाम हुने सामान हेर्न चाहने व्यक्तिले यस अदालतको तहसील शाखामा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।

७. लिलाम सकार गराउने वा नगराउने अन्तिम अधिकार यस अदालतमा रहनेछ। —

तहसीलदार

२०७३।९।१२

तहसीलदार